Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# जेलाँ टोल, भक्तपुरको ऐतिहासिकता र सम्पदाहरूको अध्ययन

**सृजना प्रजापति**
उप-प्राध्यापक
पाटन बहुमुखी क्याम्पस
jane3sp@gmail.com

*Doi : https://doi.org/10.3126/hisan.v11i1.92799*

## सारसङ्क्षेप

*भक्तपुरको नाम ख्वप्रिङ्ग्रामको रूपमा पाँचौ शताब्दीमा मानदेवको पालामा नै आइसकेको अभिलेखहरूबाट थाहा हुन्छ । बाह्रौं शताब्दीमा आनन्द देवले भक्तपुरलाई राजधानी शहरको रूपमा व्यवस्थित गरेका थिए । हजारौं बर्षको अन्तरालमा यस शहरमा कतिपय टोलहरू थपिए । विभिन्न विद्वानहरूले यसको विकास र विस्तार थाहा पाउन अध्ययन गरेका छन् । तैपनि कति टोल, बस्ती, चुकः बाटोको संरचनाको सुक्ष्म अध्ययन हुन सकेको छैन । कतिपय सम्पदा, बाटोको संरचनाहरू बस्ती बस्नु अगाडि नै बनिसकेका हुन् । कति सम्पदा र संरचना भने बस्ती विकास र विस्तारको सिलसिलामा थपिदैं गएको हुन् । त्यसैकारण यी बस्तीको ऐतिहासिकता बुझ्न धेरै तरिकाबाट जाँच्नुपर्ने हुन्छ । प्रस्तुत शोधको उद्देश्य पनि जेलाँ टोल, भक्तपुरको बस्ती विस्तारको ऐतिहासिकता अध्ययन गर्नु रहेको छ साथै धेरै प्रकारबाट जाँच्नका लागि लौकिक/अलौकिक सम्पदाहरू, तिनका वास्तुगत आधार, मूर्तिकला, अभिलेखहरू, अन्य ऐतिहासिक अवशेषहरू अध्ययन गरेर यहाँका संरचनाको ढाँचालाई पुराना अध्ययनसँग दाँजेर हेर्ने सकिन्छ । यस अध्ययनमा पुस्तकहरूको सहयोगले पनि यसमा थप टेवा पुऱ्यायो । यी अध्ययनबाट जेलाँ टोल कम्तिमा पनि सत्रौं शताब्दी अगाडि नै विकास भएको प्रमाणित हुन्छ । नासद्योले भूवन मल्लको समय र अशिताङ्ग भैरवले आनन्द देव ( बाह्रौ शताब्दी) सम्म पुग्न सक्ने आधार पनि दिएको छ । त्यसैकारण गुत्सो र कोल्भरले भने जस्तो यो टोल सत्रौ शताब्दी पछि मात्र थपिएको भन्न मिल्दैन ।*

***शब्दकुञ्जी :*** *मचो भैरव, अशिताङ्ग भैरव, हरिशंकर, चुक, नासद्यो*

## परिचय

नेपालका प्राचीन बस्तीहरूको विकास एवं विस्तारको स्पष्ट उल्लेखहरू पाइँदैन । साहित्यिक स्रोतमा परापूर्व कालमा गोपाल, महिषपाल र किराँतकालको उल्लेख पाइन्छ । त्यतिबेला कस्तो खालको बस्ती, घरको बनावट वा अन्य संरचनाको बनावट थियो भन्ने जानकारी पाइँदैन । लिच्छविकालीन अभिलेखहरूमा पाइएका किराँती परिवारका नामका आधारमा धेरै किराँतकालीन बस्तीहरू हुन सक्ने अनुमान इतिहासकारहरूले गरेका छन् । भक्तपुरको हकमा मानदेवको पालाको रत्नसङ्घले राखेको अभिलेख बाट पहिलो पल्ट खोप्रिङ्ग ग्रामको उल्लेख भएको पाइन्छ (बज्राचार्य, २०३०) । त्यसको करिब डेढ सय बर्ष पछि शिवदेव-अंशुवर्माको पालाको केहि अभिलेखबाट यहाँ छुट्टा छुट्टै तीन बस्तीहरू रहेको जानकारी पाइन्छ । ती बस्तीहरू माखोदुलु, माखोप्रिङ्गसतलद्रङ्ग र खृपुङ्ग रहेका छन् । तिनीहरू क्रमशः भक्तपुरको पश्चिमी क्षेत्रको बोलाछें, गोल्मढी र तुलाछें टोलहरू हुन् । डेढ सय बर्षमा ग्राम बाट व्यापारिक केन्द्र सहितको द्रङ्गमा विकास भएको देखिन्छ ।

यसरी छुट्टाछुट्टै बस्तीहरूलाई बाह्रौ शताब्दीमा राजा आनन्ददेवले एकिकृत गरी राजधानी शहरको रूपमा विकास गरे (मिश्र, २०५४; राइट, सन् १८७७) । उनले उत्तरमा कासाङ्ग खुसी र दक्षिणमा हनुमन्तेको सिमाना बनाएर नगरको चारैतिर भिरालो जमिन भएकोलाई नगर बसाए । अष्टमात्रिकाले शहर घेरेर विचमा त्रिपुर सुन्दरी स्थापना गरे । एकिकृत बस्तीलाई फेरि मध्यकालमा आएर शिवग्वल, वान्दिमगल र चनिगलको रूपमा विभाजन गरिएको पाइन्छ (राज, २०६१) । यक्ष मल्लको समयमा आएर नगरको चारैतिर किल्लाहरू मजबुर बनाएको अभिलेखबाट थाहा हुन्छ । साथै किल्ला वरपर खाई (पानीको खाल्डो) बनाएको उल्लेख पनि अभिलेखहरूमा पाइन्छ । यति मोटामोटी भक्तपुरमा बस्ती बिकासको जानकारी पाइन्छ । तर योजनागत रूपमा के कसरी विकास भयो भन्ने सुक्ष्म जानकारी पाउन सकिएको छैन ।

भक्तपुरको सुक्ष्म र विस्तृत इतिहास भेट्टाउन गाह्रो भए झै यहाँका हरेक टोलको विस्तृत इतिहास पनि स्पष्ट रूपमा भन्न सकिने अवस्था छैन । स्थलगत अवलोकणमा भक्तपुरमै पनि थुप्रै मल्लकालीन अभिलेख र कम मात्रै लिच्छवीकालीन अभिलेखीय प्रमाण पाइन्छ । तापनि यहाँको प्रविधि शताब्दीयौं सम्म जिवन्त रहेको बस्ती हेर्दा मल्लकालमा स्वतः सुरु भएको भन्न कठिन छ । अझै लिच्छवीकालीन ढुङ्गेधाराहरूले त कला वास्तुकला त्यतिबैले वा त्यो भन्दा अगाडि विकास र परिस्कृत हुदैं आएको देखाउँछ । तर लिखित श्रोत र पुरातात्विक प्रमाणको अभावमा यसै हो भनि भन्ने अवस्था छैन । जेलाँ टोल (न.नं. १ र २) पुरानो भक्तपुर नगरको दक्षिण पूर्वी भेगमा पर्छ । हाल यो भ.न.पा.८ र ९ वडामा पर्छ । यसको पूर्व च्याम्हासिंह, दक्षिणमा माहेश्वरी क्षेत्र, पश्चिममा इनाचो र तचपाल, उत्तरमा तौलाछें टोल (न.नं.२) पर्छ । जेलाँ टोलको उल्लेख, ने.सं. ८२२ मा निर्माण गरिएको न्यातापोल मन्दिर बनाइसकेपछि, यहाँको १९० जना टोलबासीलाई उत्सवको भोजमा निम्त्याइएको (वैद्य, २०६१) मा पर्न आउँछ ।

जेलाँको ठ्याक्कै शाब्दिक अर्थ नलागेपनि स्थानिय एक पत्रकारका अनुसार "नेपाल भाषाको 'जेलाँ लप्ते (भोज खान प्रयोग गरिने हरियो पात)' बाट आएको हुनसक्छ भनेका छन् । यसको अर्थ खुल्ला हरियो पात भने झैँ खुला ठाउँ भएको टोल हुनुपर्छ । साथै यो टोलको बस्ती विकासको क्रममा पनौतिबाट मान्छेहरू ल्याई बसालेको थियो । त्यसैकारण भक्तपुरमा अन्त नपाइने कुटुव र पसखलः जस्ता थरका बासिन्दा यहाँ बसोबास रहेको छ । स्थानियले अपनत्व नलिंदा जात्रामार्ग बाट नजिक रहेर पनि यहाँ जात्रा नल्याइने र नवदुर्गा समेत नल्याइएको हुनसक्छ ।" वि.सं.२०७२ सालको भूकम्पमा सबैभन्दा बढी क्षति भएको टोल पनि यहि हो । भक्तपुरको बस्तीको इतिहास किराँत कालदेखि नै रहेको लिच्छवीकालीन अभिलेखमा प्रयुक्त किराँती भाषाको शब्दबाट बनेका स्थान नामबाट जानकारी मिल्छ । ती प्राचीन समयदेखि भक्तपुरको बस्ती विकास सम्बन्धी जानकारी दिने थुप्रै सन्दर्भ सामग्रीहरू पाइन्छन् । ती मध्ये केहि महत्त्वपूर्ण पुस्तकहरूको साहित्य समीक्षा यहाँ गर्न खोजिएको छ ।

तिवारी (सन् २००१) ले आफ्नो पुस्तक 'दि अन्साइन्ट सेटलमेन्ट्स अफ दि काठमाडौं भ्यालि'मा भक्तपुर लगाएत थुप्रै किराँत/लिच्छवीकालीन बस्तीहरूको नक्सांकन गर्ने प्रयास गरेका छन् । लिच्छवीकालीन अभिलेखमा प्रयोग भएका स्थान नाम, नदीको नाम आदिको पोलिगोनल एप्रोक्सिमेसन प्रविधिको माध्यमबाट नक्सांकन प्रयास गरेका हुन् । यही विधिबाट भक्तपुरको दुई नक्सा र सम्भावित व्याख्या समेत गरेका छन् । एउटा नक्सामा उनले भक्तपुरका तीन लिच्छवीकालीन अभिलेखको आधारमा तीन स-साना बस्ती हालको भक्तपुर नगरको नक्सा माथि कोरेका छन् । जसको माध्यमबाट पूर्वमा खृपुङ्ग (हाल गोल्मढी), पश्चिममा

माखोप्रिङ्ग र दक्षिणमा माखोदुलु हुनुपर्छ भनी भनेका छन् । अर्को एक नक्सामा अभिलेखको नामकै आधारमा संको सञ्जरा नदी हालको हनुमन्ते हुन सक्ने अनुमान गरी नक्सा बनाएका छन् । तसर्थ यसबाट लिच्छवीकालको बस्तीहरू अनुमान गर्न सहज भएको छ ।

तिवारी (सन् २०२३) कै अर्को पुस्तक 'संस्कृति र इतिहास सम्बन्धी निबन्ध, भक्तपुर, एक मल्ल नेपाल मण्डलको राजधानी' मा भने लिच्छवीकालदेखि दोस्रो अन्तिम मल्ल राजाले बनाएको पचपन्न भ्याले दरबार सम्मको कुराहरू समेतेका छन् । उनले यस पुस्तकमा नाच, जात्रा, पर्वको कृयाकलापदेखि लिएर सो सम्बन्धी मिथकहरूको समेत व्याख्या गरेका छन् । साथै अभिलेखहरूमा प्रयोग भएका शब्दहरू, स्थाननाम र मिथककै आधारमा भक्तपुर नगरको मल्लकालीन सम्भावित योजना (master plan) नक्साङ्कन गरेका छन् । त्यसको लागि उनले सुकुलढोकालाई ब्रम्हास्थान मानि उत्तर पूर्वमा चौसठी भागमा विभाजन गरेका छन् । सोहि नक्सामा लिच्छवीकालीन ढुङ्गेधारा, दशमहाविद्या उत्तर पूर्वतर्फ नै बढी केन्द्रीत भएको देखाएका छन् । त्यसकै आधारमा नाग पोखरीलाई राजा आनन्द देवको सुवर्णप्रणाली र संगैको धारा सुवर्ण धारा हुन सक्ने अनुमान गरेका छन् । साथै महालक्ष्मी स्थानतिर त्रिपुर दरबार हुन सक्ने आधारको लागि थुप्रै प्रमाणहरू दिएका छन् । तीमध्ये महालक्ष्मी जात्राको पथमा रहेको *कुँभ्य* र अवालहरूको तुछिमलाको *आगछें*को मूलढोका त्रिपुर दरबारको हुनसक्ने बताएका छन् । तसर्थ उनको यस पुस्तकले भक्तपुर सम्बन्धी थुप्रै कुराहरू अनुमान गर्न सकिने आधार जन्माएका छन् ।

गुत्सो र कोल्भर (सन् १९७५) ले आफ्नो पुस्तक 'भक्तपुर, अर्डर स्पेस कन्सेप्ट एण्ड फंसन्स इन ए टाउन अफ नेपाल' मा भक्तपुर नगरको योजनाबद्ध र एक किसिमको व्यवस्थित तरिकाको हुन सक्ने बताएका छन् । उनीहरूले भक्तपुर नगरको नक्सामा विभिन्न किसिमले कोरेर एउटा क्रमबद्ध सिलसिलामा (अर्डर) मा रहेको भनी देखाउन खोजेका छन् । उनीहरूले नवदुर्गा नाचको क्षेत्र, जात्राको प्रदक्षिणा मार्ग, विभिन्न जातका मानिसहरूको बसोबास नक्सा मार्फत् देखाएका छन् । नवदुर्गा नाच र गाइजात्राको सुरुवातको समय पत्ता लगाएर नक्साङ्कन गरेका छन् । त्यसकै आधारमा नवदुर्गा नाचको क्षेत्रमा नपर्ने याछें टोल सोह्रौं शताब्दीमा थपिएको हुन सक्ने अनुमान लगाएका छन् । त्यसैगरी जात्रा मार्गभन्दा बाहिर पर्ने जेलाँ र भार्वाचो सत्रौं शताब्दी पछि थपिएको भनेका छन् । अर्को यस पुस्तकमा टौमढीदेखि मसान घाटसम्म क्रमशः छ थरिया, पाँच थरिया, ज्यापु र पोडे बस्ने भनी देखाएका छन् । त्यसकै आधारमा भक्तपुर भरि नै त्यसप्रकार बसोबास रहेको भनेका छन् । यसरी कुनै टोलहरूको निर्धारित (स्पेसिफिक) विशेषता अध्ययन नगरिकनै समग्र नगरको विश्लेषण यसमा गरिएको छ ।

प्रजापति (वि.सं.२०७६) को अप्रकाशित स्नातकोत्तरको शोधपत्र 'भक्तपुर शहरको उत्तर मल्लकालमा विस्तारित स्थानहरू, भार्वाचो र इताछेँ बस्तीक्षेत्रको अध्ययन' मा यी दुई टोलहरूको केहि भाग विस्तृत अध्ययन गरिएको छ । उक्त क्षेत्रको स्थलगत अध्ययन, प्रश्नावली, ऐतिहासिक सामग्रीको अध्ययन गरि भार्वाचो र इताछेँको केहि भाग उत्तर मल्लकालमा विस्तारित भएको हो भनी पत्ता लगाएका छन् । साथै लिच्छवीकालीन अभिलेख समेत पाइएको तुलाछें टोलसँग यस बस्तीको विशेषताहरू तुलनात्मक अध्ययन गरिएको छ । सो अध्ययनबाट बिस्तारित क्षेत्रमा स-साना साझा *चुकः*हरू, *चुकः* र बाटोको समिश्रणको रूपमा निकै चौडा बाटो रहेको पाइएका छन् ।

समानताका रूपमा भने पाटीहरू, भवनको बाहिरी मोहडा रहेका छन् । साथै विस्तारित क्षेत्रमा प्राचीन टोलको तुलनामा निकै कम मात्र सम्पदा, सार्वजनिक स्थानहरू, जात्रा पर्व रहेको पाइयो । पुरानो तुलाछें टोलमा भने एक दुई स्थान बाहेक मूल बाटोको चौडा कम रहेको तर *लाबो* (घर मूनिबाट चुकः छिर्ने बाटो) भने तुलनात्मक रूपमा चौडा रहेको पाइयो । अर्को भिन्नतामा तुलाछें टोलमा *चुकः*भित्र बाट अर्को *चुकः* वा बाटो निस्कने बाटो छेउबाट राखेको पाइयो । भने भार्वाचोमा बिचबाटै राखेको पाइयो । तुलाछेंमा *चुःक*लाई प्रयोग गर्न मिल्ने हिसाबले बिचमा खास केहि नराखी खुल्ला पाइयो । भार्वाचोमा बिचमा या त इनार या त स-सानो स्तूप राखेको पाइयो । यसरी शोधले टोल भित्रका स-साना सुक्ष्म कुराहरूलाई केलाएर अध्ययन गरेको छ ।

ने.सं. ६३३ मा राजा भुवन मल्लको पालामा सुरु भएको नवदुर्गा जात्रा मार्ग र ने.सं.७९२ मा सुरु भएको गाईजात्रा तथा अन्य जात्राको मार्ग पनि एउटै छ (श्रेष्ठ, २०६०; मुनकर्मी, २०४१) । जात्रा मार्ग भन्दा बाहिरका बस्तीहरू त्यसपछि विकास भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । नवदुर्गाको नाच देखाइने पश्चिम तर्फको अन्तिम विन्दु इताछेँ मन्दिर अगाडि हो । साथै जात्रामा हुने (*ङालाकेगु*) कार्यक्रम पनि त्यो भन्दा पश्चिमतिर जाँदैन । यो अध्ययनहरूले भक्तपुर क्रमिक रूपमा विकास भएको देखाउँछ । यक्ष मल्लको पालामा वि.सं.१४५३ मा भक्तपुरको चारैतिर पर्खाल र खाइ बनाउन लगाएकोबाट भक्तपुरको संरचनामा सुरक्षाको लागि पर्खाल बनाउने मौलिक निर्माण शैलीमा पर्दैन भन्न सकिन्छ (स्किब्लर, सन् १९८२) । किनकि यो शहर त उनको शासनकाल भन्दा धेरै अगाडिदेखि विकास तथा विस्तार हुँदै आएको हो । अउर र गुट्सवका अनुसार सम्भवतः आठौँ शताब्दितिर छरिएका स-साना बस्तीहरू पुरानो बाटो (अहिलेको मूल बाटो) वरिपरि विकसित हुँदै गए (स्किब्लर, सन् १९८२) ।

मोहन पन्तद्वारा गरिएका ठिमी (सन् २००२) र पाटनका (सन् १९९०) दुई परम्परागत शहरहरूको अध्ययनबाट त्यस्ता शहरहरूको अध्ययन गर्न मद्दत मिल्छ । ठिमीको अध्ययनबाट बस्तीको सुरुवात र बस्ती विकासक्रमको एक रूपरेखा जान्न मद्धत गर्दछ । उनले उक्त स्थानहरू देश, टोल, *ननि* र *छेँ* गरी क्रमिक रूपमा बस्तीको तहगत संरचना रहेको पाएका छन् । *ननी, पिखालखु,* तथा गृहमण्डल (dwelling cluster) को अध्ययनले घरहरूको विकासक्रम पत्ता लगाएका छन् । त्यसैगरी उनले *भ्वयप्वः* र *किलास* जस्ता घर संरचनाका अवयवबाट घर समूहको विकासक्रम बुझ्ने तरिका पनि अपनाएका छन् । यसबाट घरहरूको निर्माण काल सापेक्षिक रूपमा थाहा पाउन सकिन्छ । त्यसको लागि उनले ठिमीको दक्षिणी भागमा पर्ने एक भाग लिएका छन् । जसमा पहिलो बस्ती *चुकः*का सबैको एउटै *पिखालखु* भएकोलाई लिएका छन् । दोस्रो बस्ती विकास बाटोको दुई लहरको घरको एउटै *पिखालखु* र तेस्रो विकासक्रम हरेक घरको छुट्टाछुट्टै *पिखालखु* भएको हुन्छ भनी अध्ययनबाट पत्ता लगाएका छन् ।

उनले पाटन शहरको विकासक्रममा दुई पृथक कालखण्ड छुट्याएका छन् । एउटा बहाल देखिनु अगाडि र अर्को बहालको प्रवेश भएपछि । उनले पहिलो बस्तीको ढाँचा street-square pattern र अर्कोलाई Bahal-pattern भनी ठम्याएका छन् । street-square pattern सुरुमा विकास भएपछि बुद्ध धर्माबलम्विहरूलाई आफूले बनाएका चैत्यहरू वरिपरि लिच्छवी शासकहरूले संघका लागि जग्गा दिएका थिए । बज्रायान बौद्ध धर्मको सुरुवात सँगसँगै भिक्षुको परिवार त्यहीँ बस्न थालेको र यही पारिवारिक सामाजिक संरचनाबाट बहाल र शाखा-बहाल विकास भयो । यस अध्ययनले पुराना वस्तीको विकासक्रम बुझ्न कसरी इतिहासदेखि अध्ययन गर्नुपर्छ भन्ने जानकारी दिएको छ ।

नेपालमा जस्तै अन्य देशहरूमा पनि मानव व्यवहार अनुकुलको शहरी ढाँचा (Urban design) हराउँदै गएको छ । क्रियर र अरुको टाउन स्पेस (सन् २००६) मा धेरै देशका शहरको अध्ययनमा यो देख्न सकिन्छ । रब क्रियरका अनुसार पछिल्लो १७० वर्षमा अनपेक्षित रूपमा शहरी विकास भएको छ । पहिलेको निश्चित संस्कृति भएका तथा बिनागल्ति चिन्न सकिने शहरलाई अहिलेको द्रुत विकासले असर गरिरहेको छ । २० औं शताब्दिका काल्पनिक (fantasy) संरचनाहरू निराशाजनक खालका छन् र शहरी डिजाइनका अवधारणा हराएका छन् । ब्रासिलिया र चण्डिगढ जस्ता शहरमा बाटो र *चुकः* जस्ता शहरका मेरुदण्ड बिलाउँदै गएका छन् । रब क्रियरकै अर्वान स्पेस (सन् १९७९) मा अर्वान स्पेसलाई भवन र अन्य स्थानीय चिजहरू बिचको सम्बन्धित स्थान भनिएको छ, त्यसैगरि *चुकः* र बाटो नै शहरी संरचनाको मुख्य आधार हो भनी औँल्याएका छन् ।

विभिन्न समयमा विभिन्न विद्वान्हरूले भक्तपुरको विषयमा थुप्रै अनुसन्धान कार्यहरू गरेका छन् । तर ऐतिहासिक लिखित स्रोत/साधनको अभावका कारण अझै धेरै कुराहरू अस्पष्ट नै छन् । यस्ता अस्पष्ट विषयहरूमा थप अनुसन्धान गर्न सकिए थुप्रै ज्ञान उजागर हुने थियो । विशेष गरि बस्ती विकास र विस्तारको इतिहासको अध्ययन निकै कम छन् । केहि गरिए पनि हालको परिप्रेक्ष्यमा मात्र गरिएका छन् । हजारौँ वर्षको इतिहासको तहहरू भएको शहरलाई एकै दृष्टिमा अनुसन्धान गर्न पनि सजिलो छैन । त्यसैकारण भइसकेका अनुसन्धानलाई आधार बनाएर एक एक गर्दै अध्ययन/अनुसन्धान गर्दै अगाडि बढ्नु पर्छ । यस छोटो शोधको उद्देश्य पनि यहि नै रहेको छ ।

भक्तपुर नगरको दक्षिण पूर्व कुनामा रहेको जेलाँ टोल सम्बन्धी बस्तीको योजनाका तरिका, खुल्ला ठाउँ र अन्य सम्पदाहरूको अध्ययनको आधारमा बस्तीको ऐतिहासिकता अध्ययन यसमा गरिनेछ । ने.सं.६३३ मा भुवन मल्लको पालामा सुरु भएको नवदुर्गा र ने.सं.७९२ मा सुरु भएको गाइजात्राको जात्रा मार्गले (श्रेष्ठ, २०६०:; मुनकर्मी, २०४१) यो टोललाई छोएको छैन । गुत्सो, कोल्भर (सन् १९७५) र स्क्रिब्लर (सन् १९८२) ले यही कारण देखाई भार्वाचो र जेलाँ सत्रौ शताब्दी भन्दा पछाडि जोडिएको भनी भनेका छन् । तर प्रजापति (२०७३) ले भार्वाचो र तुलाछेंको अध्ययनभन्दा जेलाँको योजना फरक किसिमको रहेको पाइन्छ ।

जात्रा मार्गको निकै नजिक रहेर पनि जात्रा मार्गमा नपर्ने यस टोलको बस्ती कुन समयबाट सुरु भएको थियो ? वा विस्तारित हुँदै गएको समय सत्रौँ शताब्दी पछाडि हो भन्ने गुत्सो, कोल्भर तथा स्क्रिबलरले अनुमान गरेका छन् । तर यसको अन्य प्रमाण र टोलको बनावट हेर्दा अझै पुरानो हुन सक्ने देखिन्छ । यसै विषयलाई सुक्ष्म रूपमा केलाएर हेर्नका निम्ति निम्न उद्देश्यका साथ यो शोध कार्य गरिएको छ । यस टोलको बस्तीको बनावट कस्तो प्रकारको रहेको छ ?, जेलाँ टोलमा केकस्ता सम्पदाहरू र ऐतिहासिक सामग्रीहरू रहेका छन् ?, जेला टोलमा बस्तीको सुरुवात कहिलेदेखि भएको हो ? तर यसमा जात्रा, पर्व, गुठी, भजन जस्ता अमूर्त सम्पदाहरूको अध्ययन गरिएको छैन ।

**अनुसन्धान विधि**

प्रस्तुत अध्ययन गुणात्मक विधिमा आधारित रहेको छ । यस अनुसन्धान बस्तीको ऐतिहासिकतासँग सम्बन्धित भएकाले स्थलगत अवलोकन र स्थानीयसँगको अन्तरवार्तालाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ । साथै सोही स्थानको मूर्तिकला पनि अवलोकन गरी विषयगत पुस्तक अध्ययन र तुलना गरिएको छ । अध्ययन गर्न खोजिएको टोलको ऐतिहासिकता बुझ्न टोलभित्र र वरपरका (सोही टोलसँग सम्बन्धित)

सम्पदाहरूको विस्तृत विवरण यस शोधमा समेटिएका छन् । द्वितीय स्रोतका रूपमा बस्ती विस्तार सम्बन्धी पुस्तकहरू अध्ययनलाई लिइएको छ । सोही स्थानसँग सम्बन्धित प्रकाशित अभिलेख पुस्तकमा खोज्ने र छुटेका केही नयाँ अभिलेखहरू स्थलगत अवलोकन गरी त्यसको उपयोग गर्ने कार्य गरिएको छ ।

## विश्लेषण र प्राप्तिहरू

प्रस्तुत अध्ययनका आधारमा यो अनुसन्धानमूलक लेखको विश्लेषण र प्राप्ती यसप्रकार रहेको छ

### जेलाँ टोलको (योजनागत) ढाँचा

जेलाँ टोललाई चिनाउने जेलाँ चुकः निकै ठूलो (९.२ मी.X २७.४ मी.) रहेको छ । यहाँ जेला गणेश, हरिशंकर मन्दिर, मचो भैरवको द्योछें, पाटी र महाकालको मूर्ति रहेको छ (त.नं.१ र ३) । यो *चुकः* निकै लामो तर चौडा कम रहेको छ । यो *चुकः*बाट उत्तरतिर तचपाल र तौलाछें, पूर्वतर्फ तौलाछें र झटाप्व गल्ली, दक्षिणमा भिरालो जमिन र माहेश्वरी खोला र पश्चिमतर्फ मको जाने बाटो, वाचुत्व र इनाचो रहेका छन् । चारैतिरका घर भने वि.सं.२०७२ को भूकम्पबाट कुनै भग्नावशेष र कुनै पुनः निर्माण भइसकेका छन् । एउटा मात्र पुरानो कलात्मक झ्याल भएको मल्लकालीन देखिने पसखलःहरूको घर (त.नं.२) छ ।

अन्य नेवा बस्तीहरू जस्तै यस टोलमा पनि ठूलो *चुकः*पछि भित्र स-सानो *चुकः*हरूको वरिपरि घरहरूले घेरेको छ (त. नं. ४ र ६) । तर भक्तपुरका अन्य टोल भन्दा फरक एक *चुकः* बाट अर्को गर्दै छ-सात *चुकः* (न. नं. २) हरू जान मिल्छ । अन्य टोलमा त्यसरी जानै मिलेपनि एक *चुकः* बाट अर्को एक वा दुईसम्म मात्र जान मिल्ने हुन्थ्यो । जेलाँ टोलमा भित्र *चुकः* बाट अर्को *चुकः*मा जान मिले तापनि सबै *चुकः*हरू समान भने छैन । कतै खुल्ला (९ मी. X ९मी.) देखि (३.३ मी. X ३.३ मी.) सम्मको सानो चुक पनि रहेको छ । फेरि गल्लि पनि १.४ मी. देखि ४ मी.सम्म चौडा रहेको छ ।

जेलाँ टोललाइ घेर्ने दक्षिणतर्फ र पूर्वको बाहेक सम्पूर्ण मूल बाटो समेत कम चौडा तर लामो रहेको छ । अर्को खुल्ला र रमणिय *चुकः*हरूमा मचो भैरव मन्दिर र पुखुचाः भनिने पोखरी (त.नं.५) रहेको छ । मचो भैरवको मन्दिरसँगै दुई पाटीहरू र पुखुचाःसँगै तीन वटा पाटीहरू रहेका छन् । यस क्षेत्रमा पुखचाः संगैको दुई ढुङ्गेधारा (त.नं.५) बाहेक पुरै टोलमा कतै ढुङ्गेधारा पाइँदैन । बरु पानीको श्रोतको रूपमा इनारहरूको (त. नं. ६) संख्या अत्यधिक रहेको छ । स्थानीयका अनुसार एक पोखरी र एक ढुङ्गेधारा विलुप्त भइसकेको छ । हाल बाँकी पुखुचाः र यहाँका दुइ ढुङ्गेधारा पनि २०७५/७६ सालमा पुननिर्माण भएको थियो ।

यसरी ठूलादेखि साना *चुकः*हरूको संयोजन, जेलाँ टोल भनिने एक चाकल (neighborhood block) को चारै कुनामा खुला ठाउँ, चुकः, पाटी (त.नं.७ र ८) र मन्दिरहरू मध्यकालीन शहरी डिजाइन जस्ता देखिने मूल तत्वहरू यहाँ रहेका छन् । काठमाडौं उपत्यकामा गणेशलाई केन्द्रमा राख्ने परम्पराअनुसार यस टोलको पनि विकास र विस्तार भएको देखिन्छ । किनकि जति पनि पुराना मूर्ति, पाटी, जलद्रोणी यसै जेलाः *चुकः* र गणेशको वरपर नै छ ।

### द्योछें, मन्दिर र पाटी जस्ता सम्पदाहरू

जेलाँ टोलमा एक द्योछें, तीन-चार मन्दिर र अत्यधिक रूपमा पाटीहरू (चौध, पन्ध्रवटा) रहेका छन् ।

### द्योछें

द्योछेंमा मचो भैरवको (त. नं. ९) रहेको छ । जुन जेलाँ टोलको *चुकः*को दक्षिण-पश्चिम कुनामा रहेको छ । यो द्योछें करिब एक दशक अगाडि पुनःनिर्माण गरिएको थियो । अहिले यो चार तल्ला बनाइएको छ । यसको आधार (base) चारपाटे (rectangular) रहेको छ । जमिन तल्लामा खुल्ला खालको पाटी छ । माथि दुई तल्ला देवता राख्न तथा त्यससँग सम्बन्धित कार्य गर्न खाली राखिएको छ । हाल यसमा श्वेत भैरव सहकारी राखिएको छ । दुई तल्लामा दुईटा एकमुखी झ्यालहरू उत्तर र पूर्व मोहडामा छ । यो भवन नेवा वास्तुकला अनुसार गारो शैलीमा (लोड वियरिङ) पुनः निर्माण गरिएको थियो भने बाहिर मोहडा पनि मौलिक शैलीकै देखाइएको छ । जसको लागि द्योछेंको जमिन तल्लामा थामहरू, मेथ, निदाल र दलान प्रयोग गरिएको छ ।

प्लिन्थ लेभलमा समेत *नागो, न्हेकंलोह, लाकासी*हरू प्रयोग गरिएको छ । बिचमा काठ नै विच्छ्याइएको छ । जहाँ दिउँसो मानिसहरू बस्छन् भने साँझ भजन गरिन्छ । तल जस्तै माथिको तल्लाहरूमा पनि दलिन र काठ वा *चिकः अपाः* (तेलिय इँटा) नै भूइँमा प्रयोग गरिएको छ । नेवा वास्तुकलाकै शैलीमा माथिल्लो तल्लामा बुइँगल बनाई *स्लोप* छाना राखिएको छ । जहाँ माथि काठकै *फ्रेम* बनाएर फल्याक बिछ्याइ त्यस माथि *पोल अपाः* (झिंगटी) प्रयोग गरिएको छ । पुरानो संरचनाको निर्माण बारे भने कुनैपनि अभिलेख नपाइएकोले निर्माण मितिको जानकारी स्पष्ट हुन सकेको छैन । अधिकांश पाटीहरूमा भने अभिलेखहरू रहेको छ । जसको चर्चा पछाडि अभिलेख खण्डमा गरिनेछ ।

### हरिशंकरको मन्दिर

यस टोलको सबैभन्दा अग्लो र प्रचलित मन्दिर हरिशंकरको मन्दिर (त. नं. १२) रहेको छ । जुन हालसालै करिब दुई बर्ष अगाडि पुनः निर्माण गरिएको थियो । यसको आधार (base plan) अष्टकोण (octagonal) रहेको छ । भने निकै अग्लो *प्लिन्थ* उठाइएको छ । अन्य नारायण मन्दिर भन्दा फरक यो मन्दिर शिखर शैलीको छ । एउटै मात्र शिखर उठाइएको छ । हेर्दा दुईको तल्लाको *प्लिन्थ* माथि दुइ तल्ला देखिने गरी अष्टकोणबाटै उठाइएको छ । एक तल्लामा *दाची* इँटाको फेस देखाइएको छ । सो तल्लामा बिचमा एक तह *नागोल* इँटा एक चक्कर लगाइ मुल ढोकाको दायाँ बायाँ नागको आकृति राखिएको छ । मूल ढोका ढुङ्गाकै चौकोस मात्र राखी खुल्ला नै राखिएको छ ।

माथिल्लो तल्ला छुट्याउन करिब चौध/पन्ध्र तहको कार्नेस राखिएका छन् । त्यसको माथि अष्टकोण (octagonal) आधारलाई केहि परिष्कृत गरि फूल (flower) को जस्तै आधार बनाई तल्ला उठाइएको छ । माथितिर घट्दै गएर शिखर शैली बनेको छ । त्यसको माथि पनि आठ-नौ तह कार्नेस राखी अझै दुई तल्लाकै गजुर राखिएका छन् । यो मन्दिर वि.सं.१९९० को भूकम्पले भत्केर एक तल्ला मात्र बाँकी थियो । वि.सं.२०७७ सम्म पनि बनाइएको थिएन (तस्विर नं. १२) भनी स्थानियले बताउनु भएको थियो (टेम्पल एण्ड., २०२३ मे ३) ।

### जेलाँ गणेश, मचो भैरव, र नासद्यो‌को मन्दिर

जेलाँ टोलको अरु तीन प्रचलित मन्दिरहरूमा जेलाँ गणेश मन्दिर, मचो भैरव मन्दिर र नासद्यो (नाट्येश्वर) को मन्दिर (त.नं.१०) हो । मचो भैरवलाई नवदुर्गा देवागनको श्वेत भैरवको प्रतिक पनि भनिन्छ ।

यो नासद्यो पनि नवदुर्गासँग नै सम्बन्धित रहेको छ । यी कुनै मन्दिरको स्थापनाको मिति थाहा हुन सकेको छैन । प्रकृति हेर्दा पछिल्लो मल्ल कालको हुन सक्ने वास्तुगत विशेषताको आधारमा भन्न सकिन्छ । यी तीन मध्ये मचो भैरव र गणेश मन्दिर आकारमा ठूलो, सानो भएतापनि कला, वास्तुकलाको लक्षणहरू (features) हरू भने करिब करिब मिल्न आउँछ । आकारको हिसाबले सबैभन्दा सानो नाट्यश्वरको (तस्विर नं. १०) मन्दिर हो । मचो भैरव मन्दिर आकार केहि ठूलो (त. नं. १३) आयाताकार आधारमै बनेको छ । तेस्रो गणेश मन्दिर (त. नं. १४) पनि दुई वटा वर्गाकार जोडिएर आयाताकार आधारकै हुन गएको छ । यसलाई दुई भागमा बिचको *दथु आंग* (विचको गारो) ले छुट्याइएको छ । एकातर्फ एक सानो गणेश मूर्ति छ भने अर्को भागमा दुइवटा विष्णुको मूर्ति रहेको छ । गणेश मन्दिरको दुई पट्टि खुला र दुईपट्टि गारो छ । अर्को दुई मन्दिरहरू तीन तिरै गारो र अगाडि तर्फ खुल्ला खालको छ ।

मचो भैरवको दुई तर्फको मोहडा अर्ध खुल्ला जस्तै छ । तीनवटै मन्दिर एक तल्ला र माथि झिंगटी छाना छाइएको छ । यी मध्ये मचो भैरव मन्दिर भने घुम्न मिल्ने गरि ठाउँ छोडिएको छ । अर्को दुइ मन्दिरको तुलनामा कलात्मक पनि छ । एक तल्ला मात्र भएतापनि कलात्मक थामहरू, निदालको projection मा *सिंहख्वः, टोनसी* (टुँडाल), कलात्मक तोरण समेत रहेको छ । यतिमात्र नभइ निदालको माथि अलिकति गारो उठाई साना एक एक गःभ्ग्यहरूपनि राखिएको छ (तस्विर नं. १३) । निदाल र गारोको बिचमा काठकै कार्नेस पनि रहेको छ । त्यसमाथि झिंगटिको छाना रहेको छ । त्यसमाथि धातुको गजुरमा सुनको लेपन लगाइएको छ । चार कुनामा पनि धातुकै पटाकाहरू रहेका छन् । चारैतिर फ्यगां पनि रहेको छ । द्वारपालको रूपमा दुई स-साना सिंह पनि राखिएको छ । मन्दिरभित्र मूर्ति नभई, प्रस्तरकै निराकार शिला (aniconic Statue) रहेको छ भने एक तह धातुकै नागहरू, एक तह *छेफः*को टोरण र अर्को तह गरुड, भैरव, गणेश र कुमारसहितको कलात्मक तोरण रहेको छ । फेरि दुईतिर पनि धातुकै सिंह, घण्टहरू, अगाडि *मण्डः* (त.नं.२२) रहेको छ ।

**अन्य सम्पदाहरू**

अन्य लौकिक सम्पदामा पाटीहरू रहेको छ । यहाँ चौध पन्ध्र पाटीहरू रहेका छन् । जुन प्रायः अठारौं शताब्दीतिर बनेका थिए । तर केहि पाटीको भने बनेको समय यकिन छैन । अधिकांश पाटीहरू *चुकः*मा, दोबाटोमा र टोलको कुनाहरूमा पाइन्छन् । गल्लीहरूमा समेट टाढाबाट देखिने (त.नं.१५) गरि (axis मिलाएर) राखिएका छन् । प्रायः सबै पाटीहरू अन्य लौकिक संरचना जस्तै साधारण खालको नै रहेको छ ( त.नं. ८ र १०) । तर मचो भैरव परिसरको दुई पाटीहरूको (त.नं.१३) विशेषता भिन्न छ । लेभल डिफरेन्स ( भिरालो जमिन) का कारण ती पाटीहरू दुई तल्ला छन् । तीमध्ये एउटा (मचो भैरव भन्दा उत्तरको) हालसालै पुनःनिर्माण गरिएको छ । यो पाटी दुवै मोहडामा तीन/तीन कवल (bay) हरू रहेको छ । अर्को भने झण्डै हराइसकेको पाटीलाई फेरि बनाइएको छ ।

स्थानीयको भनाइ अनुसार पहिलेको समाज सुधार विद्यालय भवन रहेको स्थानमा एउटा ढुङ्गेधारा पनि थियो । यहाँको पाटी २०७६ सालतिर पुनःनिर्माणको लागि जग खन्ने क्रममा भूपालेन्द्र मल्लको जस्तो देखिने र लिच्छवीकालीन जस्तो देखिने केहि मुद्राहरू (त. नं. ११) भेटिएको थियो । अरु सम्पदाहरूमा एक मन्दिर, केहि पाटीहरू र एक सत्तल (शिल्पकार, २०२३ जुन २५) जेलाँको दक्षिणी भिरालो मूनितिर रहेको छ । यहाँ माहेश्वरी मन्दिर र खोला समेत रहेकोले रमणीय स्थान छ । यहाँको मन्दिर, पाटी र सत्तल पनि यही टोलको जनताले नै बनाएको थियो ।

## अभिलेखीय प्रमाणहरू

### शिलालेखहरू

जेलाँ टोलमा मात्रै करिब १८ वटा जति शिलालेख पाइएका छन् । त्यसमध्ये अधिकांश भक्तपुरका मध्यकालीन अभिलेख (वि.सं.२०८०) मा प्रकाशित भइसकेका (न.नं.३) छन् । त्यस पुस्तकका प्रकाशित एघार अभिलेखमा एक वटा बाहेक सबै पाटीको अभिलेखहरू रहेका छन् । एक वटा अभिलेख जलद्रोणी बनाएको विषयमा रहेको छ । जलद्रोणीको अभिलेख ने.सं.७९३ को सबैभन्दा पुरानो मितिको हो । पाटीहरूको अभिलेखमा पनि दुईवटा जिणोद्वार गरिएको र बाँकी सबै नयाँ बनाएको सम्बन्धी छन् । ने.सं.८०२ देखि ८८३ सम्मका अभिलेखहरू छन् भने तीन वटा अभिलेखमा मिति पढ्न सकिएको छैन ।

जेलाँ टोलमा रहेको एक पाटीको (न. नं. ३) अभिलेख पाटी जिर्णोद्वार सम्बन्धी छ । यो ने.सं. ८२९ को अभिलेख हो । यस हिसाबले यो पाटीको निर्माण अझै ५०-६० बर्ष अगाडि भएको हुन सक्छ । यो एउटा अभिलेख अर्को दृष्टिकोणबाट पनि महत्त्वपूर्ण छ । यस अभिलेखमा नेपाल संवतलाई शाख्वा संवत भनि लेखिएको छ । जुन अन्य अभिलेखहरूमा अहिलेसम्म भेटिएको छैन । यी बाहेक एउटा इनारको अभिलेख (३६५ देज् अफ..,२०२४ जनावरी ९) प्रकाशित छ । यो अभिलेख इनारको (त. नं. २८) माथिल्लो तहको ढुङ्गाको भित्री भागमा कुँडिएको छ । यो अभिलेख मिति ने.सं.८३२ मा इनार बनाएको सम्बन्धी हो । यसलाई दुवा इनार भनिन्छ । अन्य शिलालेखहरू (त.नं.२६ र २७) आधुनिक कालका देखिन्छन् ।

### मूर्तिकलाहरू

लौकिक, अलौकिक सम्पदाहरू जस्तै यस टोलमा केहि प्रस्तर मूर्तिहरू र मूर्ति नभएका निराकार प्रस्तर पनि पाइन्छन् । यो क्षेत्रमा सबैभन्दा चर्चित मूर्तिमा महांकालको मूर्ति (उचाई १.० मी.) रहेको छ । जुन १७ औं शताब्दीको मूर्ति थियो । यो जेलाँ *चुकः* बाट मचो गल्ली जाने बाटोमा खुल्ला रूपमा रहेको छ । पूरानो मूर्ति हराएर हालसालै नयाँ मूर्ति (त.नं.१७) उहि नापको प्रतिस्थापना गरिएको छ । अर्को हरिशंकरको मूर्ति ( त.नं. १८) शिखर शैलीको मन्दिरभित्र रहेको छ । यसको उचाई ०.५ मी. रहेको छ । बाङ्डेल (१९९५: ३२२) का अनुसार यो मूर्ति १९ औं शताब्दीको भनेका छन् । अर्को मूर्ति जेला गणेश मन्दिरको गणेश मूर्ति र दुई विष्णुको मूर्ति (त.नं.१९) रहेको छ । गणेशको मूर्ति त त्यति पुरानो देखिँदैन तर विष्णुका मूर्तिहरू भने १८ औं शताब्दीको देखिन्छ । एक स्थानीयका अनुसार पनि यो मूर्ति पूरानो भएको कारण हरिशंकरको मन्दिरमा नयाँ मूर्ति प्रतिस्थापन गरिएको थियो ।

यी बाहेक मचो भैरवको निराकार शिला (त. नं. २०) रहेको छ । अर्को सानो गणेश, *भिसिन्द्यो,* नारायण, बुद्धको मूर्ति (त. नं. २४ र २५) पुखुचाः सँगैको पाटी भित्र स्थापना गरिएको छ । जुन आधुनिक कालका हुन् । यसबाहेक पनि केही शिवलिङ्ग (त.नं.२३) र आधुनिक कालका मूर्तिहरू (त. नं. २५) नासद्योको मन्दिर परिसरमा छन् । एक दुइटा स-साना मूर्तिहरू (त. नं. २१) मचो भैरव *द्योछें*को पश्चिम भित्तामा पनि टाँसिएको छ । साथै *नासद्यो*को र *हामाद्यो*को रूपमा मन्दिर या मूर्ति नभई प्वालहरू रहेको छ । अर्को एक शिला मचो भैरव परिसमा रहेको छ । यो लौकिक शिला संस्कारसँग सम्बन्धित छ । यसलाई पहिला घरमै बच्चा जन्माउने समयमा बच्चाको साल/नाल फ्याँक्ने स्थानको रूपमा राखिएको थियो भनि स्थानीयको भनाई छ (३६५ देज् अफ,२०२४ जुन २२) शिलालाई बिगार गर्ला भनि बचाउको लागि अजिमा भनेर भनिने रहेछ । जेलाँ टोलको उत्तर पूर्व कुनाको खुल्ला ठाउँमा *नासद्यो* र पाटीको साथै अशिताङ्ग भैरव (त. नं. १६) को ठाडो

प्रस्तर पनि रहेको छ । अशिताङ्ग, भैरवलाई नवदुर्गा मध्येकी प्रमुख ब्रह्मायणी कै पुरुष/पतिका रूपमा लिइन्छ । यहाँ सँगै शिवलिङ्ग एउटा रहेको छ ।

## छलफल/विश्लेषण

बस्ती विकास र बिस्तारको क्रम थाहा पाउन हालको भौतिक अवस्था हेरेर मात्र पनि ठ्याक्कै भन्न सकिने स्थिति छैन । एकातिर यो टोलको भौगोलिक बनावट समथर भएर पनि भूकम्पले अधिकतम क्षति पुऱ्याउने रहेछ भन्ने वि.सं. २०७२ को भूकम्पले देखायो । अर्कातर्फ लिखित इतिहासको प्रचलन नभएको कारण यकिन गरि भन्ने अवस्था छैन । त्यसकारण काठमाडौँ उपत्यकाको हरेक टोलहरूको सुक्ष्म अध्ययन गरिनुपर्छ । जसमा मिति थाहा भएका केहि टोलहरू पनि समावेश भएमा विभिन्न हिसाबले तुलनात्मक अध्ययन गर्न सकिन्छ । जेलाँ टोलमा भएका केहि अभिलेखीय र मूर्ति विज्ञानको आधारमा यो टोलको इतिहास कम्तिमा पनि सत्रौं शताब्दीसम्म पुऱ्याउन सकिन्छ । सत्रौं शताब्दीको महाँकाल, ने.सं. ७९३ को जलद्रोणीको अभिलेख र ने.सं.८२९ को पाटी जिर्णोद्वारको अभिलेखले यो कुरालाई टेवा पुऱ्याउँछ । पाटीको जिर्णोद्वार ने.सं.८२९ को हिसाबले कमसेकम पचास-साठी वर्ष अगाडि बनाएको हुन सक्छ । यस हिसाबले ने.सं. ७६९-७७८ सम्म पुऱ्याउने भयो । यी चार प्रामाणित चिजहरू जेलाँ टोलको मुख्य *चुक:* को ठिक चार कुनामा अवस्थित छ । जसले सो खुल्ला स्थान त्यतिबेलै निर्धारण गरेको देखिन्छ ।

स्थानीय पत्रकारले पनौतिबाट मान्छे ल्याई राखेको भन्ने कुरामा ऐतिहासिक प्रमाण त छैन । तर आनन्द देवले शहर बसाल्दा भक्तपुर सानो बस्ती थियो त्यसकारण शहरमा सुरक्षाका हिसाबले पनि मानिसहरू थपेको हुन सक्छ । अर्को प्रमाणको रूपमा ने.सं. ६३३ भुवन मल्लको पालामा सुरु गरिएको (श्रेष्ठ, २०६०; मुनकर्मी, २०४१) भनिएको नवदुर्गाको *नासद्यो* र भैरव पनि यहीँ टोलमा पर्छ । अझै अर्को ऐतिहासिक प्रमाणका रूपमा बाह्रौ शताब्दीमा आनन्द देवले अष्ट मात्रिकाले नगर घेरेर राजधानी शहर बसाल्ने क्रममा अष्ट भैरव पनि साथै स्थापना गरिएको मानिन्छ (गुत्सो र कोल्भर, सन् १९७५: ४३) । त्यसमध्येको अशितांग भैरव पनि यसै टोलमा पर्छ ।

यस टोलको योजनागत ढंगबाट विश्लेषण गर्नुपर्दा अगाडिको अध्ययनसँग दाँज्न सकिन्छ । प्रजापति (२०७६) को शोधमा तुलनात्मक अध्ययनबाट आएको परिणाम जेलाँ टोलसँग समेत दाँज्न सकिन्छ । उक्त शोधको परिणाम अनुसार पुरानो टोलमा भन्दा उतर मल्लकालमा विस्तारित टोलमा निकै चौडा बाटो (६.५ मी.) थियो । भने *चुक:* स-साना र प्रयोग गर्न नमिल्ने खालको थियो । तर जेलाँ टोलको धेरै लक्षणहरू (feature) हरू त्योभन्दा भिन्न तुलाछें टोलसँग बढी मिल्दो देखिन्छ । केहि मिश्रित प्रकृयाको पनि देखिन्छ । जस्तो कि भार्वाचो, जुन उत्तर मल्लकालमा विस्तारित शहरमा ढुङ्गेधारा कम तर इनार बढी पाइएको थियो । यो लक्षण जेलाँ टोलसँग मिल्छ । साथै भार्वाचोमा जस्तै यहाँ मन्दिर, मन्दिर परिसर (आफ्नै छुट्टै परिसर भएको) हरू कम नै रहेको पाइन्छ । समग्रमा हेर्दा जेलाँको बस्ती बिस्तार सत्रौं शताब्दीभन्दा अगाडि भएको भन्न सकिन्छ ।

## निष्कर्ष

जेलाँ टोलको बस्ती कहिले र कसरी सुरु भयो भन्ने ठ्याक्क भन्न सकिने लिखित सामग्रीको अभाव छ । त्यसकारण त्यस बस्तीको ढाँचालाई पहिलेका अध्ययन दाँज्ने, त्यहाँ भएका सम्पदाहरू, मूर्तिहरू, अभिलेखहरू अध्ययन गर्ने कार्य यस लघु शोधको लागि गरियो । जसबाट बाह्रौं शताब्दीसम्म बस्तीको इतिहास

पुऱ्याउन सकिने आधारहरू फेला परेको छ । भने दुइ सत्रौँ शताब्दी तिरका मूर्तिहरू, ने.सं. ७९३ को जलद्रोणीको अभिलेख रहेको छ । जेलाँ टोलको मूख्य चोकमै सत्रौं शताब्दीका दुइ मूर्तिहरू पनि रहेको छ । त्यही चोकको एक पाटी ने.सं.८२९ मा जिर्णोद्वार गरिएको र शाख्वा संवत् भनी ने.सं लाई सम्बोधन गरिएकोले महत्त्वपूर्ण छ। ने.सं ८२९ मा जिर्णोद्वार भनिए बमोजिम यो पाटीको निर्माण कम्तिमा पनि पचास-साठी वर्ष अगाडि बनेको हुन सक्छ। यी सबै प्रमाणहरूको आधारमा सत्रौं शताब्दी अगाडि बस्ती बसेको हो भन्ने प्रमाणित हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, राष्ट्रिय अभिलेखालय. (२०८०). *भक्तपुरका मध्यकालीन अभिलेख.* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, राष्ट्रिय अभिलेखालय ।

प्रजापति, सृजना. (२०७६). भक्तपुर शहरको उत्तर मल्लकालमा विस्तारित स्थानहरू, भार्वाचो र इताछैं बस्तीक्षेत्रको अध्ययन. अप्रकाशित स्नातक तहको शोधपत्र ख्वप इन्जिनियरिङ् कलेज, भक्तपुर ।

बज्राचार्य, धनबज्र. (२०३०). *लिच्छविकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

मिश्र, तारानन्द. (२०५४). प्राचीन नगरहरूको सुरक्षात्मक वास्तु, *पासूका,* वर्ष २, अंक ६, भक्तपुरः सुथां ।

मुनंकर्मी, लिलाभक्त. (२०४१). *नेपालको सांस्कृतिक तथा ऐतिहासिका दिग्दर्शन,* श्रीमती भवानी केशरी मुनंकमीं ।

राज, योगेश. (२०६१). शिवगला, कनिङगला एन्ड भण्डिगला (थ्री टोपोन्यम फ्रोम मिडिएवल भक्तपुर), *प्राचीन नेपाल,* सङ्ख्या १५६, पुरातत्व विभाग ।

वैद्य, जनकलाल. (२०६१). *सिद्धयाग्नी कोट्याहुती देवल प्रतिस्थान,पाँच तले मन्दिरः न्यातापोल देवलको.* नेपाल राजकीय प्रज्ञा प्रतिस्थान ।

श्रेष्ठ, पुरुषोतम लोचन. (२०६०). *भक्तपुरको नवदुर्गा गण,* बबिता श्रेष्ठ ।


## अङ्ग्रेजी साहित्य


Bangdel, L. S. (1995). *Inventory of stone sculptures of the kathmandu valley*. Royal Nepal Academy.

Gutschow, N., & Kölver, B. (1975). *Ordered space: Concepts and functions in a town of Nepal ; with 16 plates and 3 maps*. Steiner [in Komm.].

Krier, R. (1979). *Urban space*. Rizzoli International Publications, U.S.

Krier, R., Ibelings, H., Meuser, P., & Bodenschatz, H. (2006). *Town spaces: Contemporary interpretations in traditional urbanism: Krier-Kohl-Architects* (2nd rev. ed). Birkhäuser, U.S.

Panta, M. (1990). Bahal Mandal "A study of traditional settlement pattern of Patan city, Kathmandu Valley". Unpublished Master's Thesis. Tongi University, China.

Panta, M. (2002). A study on the spatial formation of Kathmandu Valley towns - The case of Thimi. Unpublished Ph.D. Thesis. Kyoto university, Japan.

Scheibler, G. (1982). *Building today in a historical context: Bhaktapur*. Ratna pustak Bhandar.

Tiwari, S. R. (2023). *Essays on culture and history of Bhaktapur: The capital of the Malla Nepal mandala*. Rich Publishers.

Tiwari, S.R. (2001). *The ancient settlements of the Kathmandu valley* .Centre for Nepal and Asian studies.

Wright, Daniel (ed). (2019). *History of Nepal*. Translated by Shew Shunker Singh and Gunanand. New Delhi: Heritage Publishers,